# 'दक्षिण एशियामा खाद्य असुरक्षा' विषयक दोस्रो सार्वजनिक सुनुवाइ काठमाडौंमा

अभियान संवाददाता

फागुन १२, काठमाडौं । समग्र दक्षिण एशियाको प्रतिनिधित्व रहेको 'दक्षिण एशियामा खाद्य असुरक्षा' का सन्दर्भमा दोस्रो सार्वजनिक सुनुवाइ कार्यक्रम बिहीबारदेखि काठमाडौंमा शुरू भयो । दुई दिनसम्म चल्ने सो सुनुवाइ कार्यक्रम साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायोर्नमेण्ट (सावती) र अक्सफामको सहकार्यमा आयोजना भएको हो ।

कार्यक्रमको उद्घाटन राष्ट्रिय योजना आयोगका सदस्य प्रा. सुबोधनारायण झाले गरेका थिए । पहिलाका कार्यक्रमहरूमा क्षेत्रीयस्तरका खाद्य सुरक्षाका विषयमा ठूलाठूला प्रतिबद्धता गरे पनि कार्यान्वयनमा चुकेको झाले बताए । 'आशा गरौं यस सुनवाइले एक निश्चित प्रस्ताव पेश गर्नेछ, जसले सम्पूर्ण दक्षिण एशियाली जनताको प्रतिनिधित्व गर्नेछ,' झाले भने, 'त्यो प्रस्ताव सम्बन्धित देशहरूबाट स्वीकृत मात्र हुने छैन, कार्यान्वयन पनि हुनेछ ।' अहिले आन्तरिक प्रकृतिको जनसङ्ख्या र बाह्य प्रकृतिको प्रविधिको संयोजन नमिलेको खाद्य असुरक्षा बढेकाले यसको समाधानका लागि हाम्रो जीवनस्तर सुहाउँदो आन्तरिक प्रविधिको विकास गर्नुपर्ने झाको तर्क छ ।

सावतीका कार्यकारी अध्यक्ष डा. पोषराज पाण्डेले असुरक्षाको व्यवस्थापनभन्दा दीर्घकालीन रूपमा यसबाट बच्नका लागि प्रभावकारी र कार्यान्वयनयोग्य नीति निर्माण नै दक्षिण एशियाली देशहरूको प्रमुख चुनौती रहेको बताए । 'क्षेत्रीयस्तरका व्यापार वार्ता तथा सामूहिक छलफलहरू मौसम परिवर्तन र त्यसले गरीब किसानको जीवनस्तरमा पार्ने प्रभावका बारेमा संवेदनशील हुनुपर्छ,' पाण्डेले भने । सावतीका महासचिव रत्नाकर अधिकारीले विभिन्न प्राकृतिक तथा गैरप्राकृतिक घटनाका कारण खाद्य वस्तुहरूको मूल्य उच्च उतारचढावसहित बढिरहेको बताए । 'प्रविधि हस्तान्तरण र आपूर्ति व्यवस्थापनका साथै अझै बढी क्षेत्रीय एकीकरणले दक्षिण एशियामा खाद्य सुरक्षा कायम गर्न सहयोगी हुन्छ,' अधिकारीले भने, 'तर, उच्च व्यापार अवरोधले कृषि उत्पादनको व्यापार प्रभावित भएको छ ।'




कार्यक्रममा बोल्दै काठमाडौंस्थित सार्क सचिवालयको कृषि तथा ग्रामीण विकास र सार्क विकास कोषका निर्देशक रियाज हमिदुल्लाहले तल्लोतहका जनतालाई लाभ पुग्ने गरी क्षेत्रीयस्तरमा नीति बनाउनुपर्नेमा जोड दिए । सार्कले १३ करोड अमेरिकी डलरको लागतमा कृषि तथा खाद्य सुरक्षासँग सम्बन्धित ७ परियोजना शुरू गर्न लागेको रियाजले बताए । त्यसैगरी, पाकिस्तानको इस्लामाबादस्थित 'सष्टेनेबल डेभलपमेण्ट पोलिसी इन्स्टिच्युट' (एसडीपीआई) का कार्यकारी निर्देशक डा. अबिद क्वाइयुम सुलेरीले दक्षिण एशियाली देशहरूले ६-एफ सङ्कटको सामना गर्नुपरेको बताए । 'वित्त, इन्धन, खाद्यान्न, कार्यगत प्रजातन्त्र, सिमाना र प्रतिकूल मौसम (६-एफ) को सङ्कटको शिकार हामी हुनुपरेको छ,' सुलेरीले भने, ' खाद्य सुरक्षाको मुद्दा सम्बोधन गर्न त्यो ६-एफ सङ्कटको कुचक्रलाई तोड्नु जरुरी छ ।'

पहिलो दिनको कार्यक्रमा दक्षिण एशियाली देशहरूले सामना गर्नुपरेका कृषि, खाद्य सुरक्षा तथा गरीबीका साथै सार्क खाद्य बैङ्कको प्रभावकारी कार्यान्वयन र कृषि उपजहरूको व्यापारमा क्षेत्रीय सहयोगसँग सम्बन्धित विषयहरूमा छलफल भएको थियो । शुक्रबारको कार्यक्रममा सार्क बिज बैङ्क, आइपीआरएस, कृषकका अधिकार तथा प्रविधि हस्तान्तरणसँग सम्बन्धित विषयमा छलफल हुने बताइएको छ ।